# युनिक वचत तथा ऋण सहकारी संस्था लि.

रत्ननगर-१, चितवन

**एस.एम.एस अलर्ट सेवा तथा युनिक स्मार्ट वैंकिङ्ग सेवा आवेदन फारम**

श्री प्रमुखज्यू,                                                                 मिति :

युनिक साकोस............................. चितवन

म/हामीलाई त्यस संस्थाले संचालनमा ल्याएको युनिक स्मार्ट वैंकिङ्ग सेवा , एस.एम.एस. सुविधा प्रदान गरिदिनुहुन म/हामी तपाई समक्ष अनुरोध गर्दछु/ छौं । आवश्यक विवरणहरु निम्न बमोजिम छन् ।

**खातावालाको नाम** :..................................................................................................

| क.सं. | खाता नं. | | | | | | | | आधिकारिक मोबाईल नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

**आवश्यक सेवा :कृपया आफुले लिन चाहेको सेवाको लागी (✓) ठिक चिन्ह लगाउनुहोस ।**

| | एस.एम.एस अलर्ट सेवा | | युनिक स्मार्ट वैंकिङ्ग सेवा |
|---|---|---|---|
| कारोबार सचेतक ( Transaction Alert ) | | स्टेटमेन्ट तथा मौजदात जाँच गर्न | |
| मौज्दात जानकारी | | रिचार्ज ( प्रिपेड , पोष्टपेड , एनसेल सिम कार्ड ) | |
| **दर्ता / नविकरण शुल्क :**<br>एस.एम.एस सेवा दर्ता शुल्क रु............ ..<br>युनिक स्मार्ट सेवा दर्ता शुल्क रु..............<br>जम्मा रकम रु...............<br>सेवा सुचारु / नविकरण शुल्क रु .......... .<br>भुक्तानी तरिका : - नगद/ खाता डेविट | | पिएसटिएन ल्याण्डलाइन विल भुक्तानी<br>एडिएसएल बिल भुक्तानी<br>अन्य खातामा रकमान्तर<br>अन्य व्यापारिक भुक्तानी<br>चेक बुक आवेदन | |

म/हामीलाई निम्न सेवा उपलव्ध गराए बापत लाग्ने शुल्क मेरो/हाम्रो खाता नं.........................बाट शुल्क कट्टी गर्ने अख्तियारी प्रदान दिएको छ/ छौं । साथै यस सेवा सुचारु भए पश्चात वार्षिक रुपमा स्वत नविकरण हुदै जाने व्यवस्था समेत मिलाई दिनुहुन अनुरोध गर्दछु /गर्दछौं । मैले पेश गरेको विवरण ठिक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून वमोजिम सहुँला बुझाउँला ।

| दाँया | बाँया |
|---|---|
| | |

**निवेदकको दस्तखत** .................................

**निवेदकको नाम** :.........................................................................................

**सदस्यता न** :...........................

**मिति** : ................................

| संस्थाको प्रयोजनको लागि मात्र | | |
|---|---|---|
| दर्ता गर्ने | चेक/स्वीकृत गर्ने | सेवा सुचारु मिति :........................ |

## सर्त तथा वन्देजहरु

युनिक वचत तथा ऋण सहकारी संस्था लि.( यसपछि संस्था भनिएको निम्न शर्त तथा वन्देजहरुको अधिनमा रही मोवाइल वैकिङ्ग सेवा संचालन गर्ने छ ।

**१. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस लिखतमा निम्न शब्द तथा बाक्याशंहरुको अर्थ निम्न वमोजिम हुनेछ ।

क) खाता भन्नाले सदस्यले यस संस्थामा संचालन गरेको वा भविष्यमा संचालन गर्ने अन्य कुनै प्रकारका खातालाई सम्झनु पर्छ ।

ख) सदस्य भन्नाले संस्थाको शेयर सदस्यलाई सम्झनुपर्छ ।

ग) युनिक स्मार्ट मोवाइल बैकिङ्गसेवा भन्नाले सदस्यले भिदिष्ट गरिएको खातामा रकम जम्मा गर्दा वा फिर्ता गर्दा संक्षिप्त सन्देश सेवा मार्फत सचेत गराउने, हस्तान्तरण गर्ने तथा बिल भुक्तानी गर्ने ( नेपाल टेलिकमको पोष्टपेड तथा प्री पेड मोवाइल तथा प्रिएसटीएन लाइन आदि ) तथा भविष्यमा थप हुनसक्ने अन्य भुक्तानी समेतलाई सम्झनुपर्छ ।

घ) मोबाइल नम्बर भन्नाले मोबाइल बैकिङ्ग सेवा उपलब्ध गराउने प्रयोजनको लागी दिएको नम्बरलाई सम्झनुपर्छ ।

ङ) एम.पिन भन्नाले व्यक्तिगत परिचय नम्बरलाई सम्झनुपर्छ जुन सदस्यको आफ्नै प्रणालीले क्रमरहित तरिकाबाट उत्पादन गरेको हुन्छ । यो गोप्य पासवर्ड आधिकारिक व्यक्तिको पहुचबाट मात्र सेवा प्राप्त गर्न प्रयोग गरिन्छ ।

**२. शर्त तथा वन्देजहरु लागु हुने अवस्था :**

उल्लेखित शर्त तथा वन्देजहरु सदस्यले पेश गरेको निवेदनको अभिन्न अगंको रुपमा रहनेछन् । त्यसलाई संस्थाले स्वीकार गरेपछि संस्था तथा सदस्य विच सम्पन्न करारको रुपमा रहनेछन् ।

**३.आवेदन**

यस सेवा प्रयोगको लागी संस्थाले तोके बमोजिमको ढाँचामा आवेदन पेश गर्नुपर्ने छ ।

**४. सदस्यको योग्यता :**

यो सुविधा उपयोग गर्न चाहने सदस्यले न्यूनतमा एउटा एकल खाता वा स्वतन्त्र रुपमा कार्य गर्न अख्तियारी प्राप्त गरेको हुनुपर्नेछ । सवै मोवाइल सेटहरु यो सेवाको पहुँचको लागी योग्य मानिने छैनन् । सदस्यको मोवाइल सेटको कमजोरीको कारण सदस्यले यो सेवा प्राप्त गर्न नसकेमा वा सदस्यको मोवाइल सेट हराएमा वा विग्रेमा संस्था जिम्मेबार हुनेछैन ।

**५. संक्षिप्त सन्देश सेवा**

संक्षिप्त सन्देश सेवालाई सेवा प्राप्तिको लागी संचारको एक विधिको रुपमा प्रयोग गरिनेछ । सदस्यले तोकेको / दर्ता गरेको मोवाइल नम्बर र संस्थाले तोकेको नम्बर वा नामबाट संक्षिप्त सन्देश सेवा आदान प्रदान गर्ने छ । तर सेवाका सम्वन्धमा सदस्य बाहेक अन्य व्यक्तिमा पहुँच पुगेको कारणले सदस्यले कुनै प्रकारको हानी नोक्सानी व्यहोर्न परेमा संस्था जिम्मेबार हुने छैन ।

**६.एम.पिन**

पिनको सुरक्षा कायम गर्नको लागि सदस्यले पर्याप्त उपायहरुको अबलम्वन गर्नु पर्ने छ र पिनको प्रयोगबाट तोकिएको खातामा कारोबार गर्नको लागी संस्थालाई पर्याप्त अख्तियारी हुनेछ । यस अख्तियारी अन्तगर्त काम गर्नको लागी थप सोधपुछ गर्न संस्था बाध्य हुने छैन ।

सदस्यले अनिवार्य रुपमा एम.पिन को सुरक्षा कायम गर्न निम्न बमोजिमको नियन्वित उपायको अवलम्वन गर्नु पर्ने छ ।

क) तपाईको पिनको लिखित वा विद्युतीय कुनै रुपमा पनि अभिलेख नराख्ने , त्यसलाई नलेख्ने , कसैलाई नदेखाउने वा पिनको पहुँचमा कसैलाई अनुमति नदिने ।

ख) संस्थाबाट भएका वा संस्थामा पठाएका सवै एस एम एस हरुलाई नमेटाइकन मोवाइल सेटमा नछाड्ने ।

ग) मोवाइल सेटलाई लक गर्ने वा सेवाको अनाधिकृत प्रयोगलाई रोक्नको लागी अन्य आवश्यक उपाय अवलम्वन गर्ने र मोवाइल सेट चोरी भएमा वा हराएमा वा मोवाइल नम्वर परिवर्तन गरेमा तत्काल संस्थामा खबर गर्ने ।

घ) यदि पिन कसैसंग प्रकत भएमा वा देखिने सम्भावना भएमा सदस्यले त्यसलाई तत्काल परिवर्तन गर्नुपर्नेछ । संस्थाले सदस्यलाई नियमित रुपमा पिन परिवर्तन गर्नको लागी सुझाव गरिन्छ ।

**७. उपलव्यता र प्रकटिकरण**

संस्थाले समय समयमा निर्णय गरे वमोजिम मोवाइल सेवाहरु थप घट गर्न सक्नेछ । संस्थाले आफ्ना सदस्यहरुलाई निश्चित मोवाइल नेटवर्क प्रयोग गर्न सदस्यहरुलाई प्रस्ताव गर्ने अधिकार आफूमा सुरक्षित गरेको छ । तोकिएको मोवाइल फोन नम्बरबाट मात्र सदस्यको सेवाको पहुँचलाई निश्चित गरिनेछ ।

**८. संस्थाको अधिकार**

सदस्यले मोवाइल भुक्तानीलाई कार्यान्वयन गर्न निजले तोकेका सवै खाताहरुमा पहुँचको लागि संस्थालाई अपरिवर्तनिय र निःशर्त रुपमा अख्तियारी प्रदान गर्दछ ।

**९. अभिलेख**

कारोबारको समय लगायत सदस्यले सेवा उपभोग गरे बापत संस्थाले अभिलिखित गरि तयार परेका कारोबारको सम्पूर्ण अभिलेखहरु कारोबारको बास्तविक तथा सत्यताको लागी निर्णायक प्रमाणको रुपमा हुनेछन ।

**१०. निर्देशन**

सेवा उपलब्ध गराउनको लागी दिइने सवै निर्देशनहरु संस्थाले किटान गरिदिएको तरिका बमोजिम मोबाइल नम्बर मार्फत दिइनेछ ।

**११. दायित्व माथिको इन्कारी**

सदस्यले जानीजानी वा अन्जानमा पिन तेस्रो व्यक्तिलाई उपलब्ध गराई खातामा अनाधिकृत प्रवेश भएमा वा सदस्यको मोवाइल फोन नम्वर परिवर्तन भएको वा बन्द भएको कुरा संस्थामा लिखित रुपमा जानकारी गराउन नसकेको परिणाम स्वरुप कुनै नोक्सानी भएमा वा मोवाइल नेटर्वक प्रदायकको त्रुटी वा लापरबाही, नेटर्वकको अभाव सेवा प्रदायक तेस्रो पक्ष लगायत अन्य पक्षको कारणमा मात्र सिमित नभई संस्थाको कार्य भन्दा बाहिरका कुनै पनि परिस्थिती सृजनाबाट सेवा उपलब्ध हुन नसक्ने अवस्था भएमा संस्थालाई उत्तरदायी बनाइने छैन ।

**१२. शुल्क र महशुलहरु**

सदस्यले एस.एम.एस सेवा वा युनिक स्मार्ट मोवाइल बैकिङ्ग सेवा संचालन गरे बापत सदस्यले संस्थालाई भुक्तानी गर्नु पर्ने शुल्क सदस्यले तोकेको खाताबाट वार्षिक रुपमा भुक्तानी गर्न संस्थालाई अख्तियारी प्रदान गर्दछ ।

**१३. संशोधन वा हेरफेर :**

सदस्यलाई पूर्ण जानकारी दिई वा नदिई कुनै पनि समयमा कुनै पनि शर्तवन्देजहरुमा परिवर्तन गर्ने वा थप गर्ने पूर्ण अधिकार संस्थामा सुरक्षित रहेको छ ।

**१४. सेवा सुविधाको समाप्ती**

सदस्यले संस्थालाई लिखित जानकारी दिएर कुनै पनि समयमा सेवा सुविधाको समाप्तिको लागी अनुरोध गर्न सक्नेछ । सेवा समाप्ति हुनु भन्दा पूर्ण सदस्यको मोवाइल नम्वर मार्फत भएको कारोबारको हकमा निजको जिम्मेबारी रहिरहनेछ ।

**१५.बैधताः**

यो सेवाको अवधि एक वर्षको लागि हुनेछ ।

नोट : युनिक स्मार्ट मोवाइल बैकिङ्ग सुविधा एक वर्ष पछि स्वत नविकरण हुनेछ । यदि सदस्यलाई यो सुविधा नचाहेको खण्डमा संस्थालाई म्याद नाग्न एक महिना अगावै लिखित रुपमा सुचित गर्नुपर्नेछ ।

.........................

**निवेदकको दस्तखत**